# गोलबजार नगरपालिकाको

## आर्थिक बर्ष २०७५/०७६ को

आर्थिक ऐन

२०७५

## नगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको

# गोलबजार नगरपालिकाको "आर्थिक विधेयक, २०७५"

**प्रस्तावना:**

गोलबजार नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गोलबजार नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ देखि गोलबजार नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. भूमि कर (मालपोत): नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. घर बहाल कर: नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

४. गोरु बजारमा वयलको खरीद विक्रीबापत अनुसूची (३) बमोजिम शुल्क लगाइनेछ ।

५. निवेदन, सिफारिस, नक्कल तथा वोलपत्र फाराम विक्रीमा लाग्ने शुल्क अनुसूची -४ बमोजिम लगाइनेछ ।

६. नक्सा पास /नक्सा प्रमाणित दस्तुर तथा फाराम शुल्कको दररेट अनुसूची -५ बमोजिम लगाइनेछ ।

७. यस बर्षदेखि व्यवसाय कर अनुसूची -६ बमोजिम लगाइनेछ ।

८. यस बर्षदेखि सम्पत्ति कर( घर वा संरचना र सोले चर्चेको जग्गामा लाग्ने कर ) अनुसूची -७ बमोजिम लगाइनेछ ।

९. यस बर्षदेखि गोलबजार नगरपालिकाका सहायक मार्गमा प्रबेश गर्दा पटके सवारी कर **अनुसूची -८ बमोजिम लगाइनेछ ।**

१०. यस बर्षदेखि ढुंगा,गिट्टी,वालुवा र ग्राभेलको दररेट **अनुसूची -९ बमोजिम लगाइनेछ ।**

अनुसूची -१

**मालपोत दर ( जग्गा कर):** यस आ.व. २०७५/०७६ का लागि कार्यालयबाट **जग्गा कर** वा भूमि कर वा मालपोत तपसील बमोजिमको दरमा लगाउने निर्णय गरियो ।

(क) तीन विगाहा भन्दा कम जग्गा हुने जग्गावालाका लागि

| इकाई | अब्बल | दोयम | सीम | चहार |
|---|---|---|---|---|
| प्रति विगाहा | रु.१००।- | रु.९०।- | रु.८०।- | रु.७०।- |
| प्रति कठ्ठा | रु.६।- | रु.५।- | रु.४।- | रु.३ ।- |
| प्रति धुर | रु.०।५० | रु.०।४० | रु.०।३० | रु.०।२० |

(ख) तीन विगाहा वा सो भन्दा बढी जग्गा हुने जग्गावालाका लागि

| इकाई | अब्बल | दोयम | सीम | चहार |
|---|---|---|---|---|
| प्रति विगाहा | रु.१५०।- | रु.१३०।- | रु.१००।- | रु.९०।- |
| प्रति कठ्ठा | रु.७।- | रु.६।- | रु.५। | रु.४। - |
| प्रति धुर | रु.०।४० | रु.०।३० | रु.०।२० | रु.०।१५ |

## अनुसूची -२

**हाट वजार (गुदरी) सेवा शुल्क**

| सि.नं. | विवरण | रुपैया | आ.व.०७६/०७७ का लागि |
|---|---|---|---|
| ०१ | अम्लीसोको कुचो तथा राडी खरको कुचो वेच्ने वाट लिने प्रति सैकडा | २५।- | ५०।- |
| ०२ | आलु मन एकको वेचने संग लिने | १०।- | १५ ।- |
| ०३ | लिचि वजारमा वेच्नेवाट लिने प्रति सैकडा | ५।- | १० ।- |
| ०४ | कलमी आँप वेच्नेवाट लिने प्रति मन | २०।- | २०।- |
| ०५ | सरही आँप वेच्नेवाट लिने प्रति मन | १५।- | १५।- |
| ०६ | परेवा प्रति जोडा वेच्नेवाट लिने | १०।- | १५।- |
| ०७ | कुखुरा प्रति थान वेच्नेवाट लिने | १०।- | १५।- |
| ०८ | फुटपाथमा कठँजा राख्ने सँग लिने प्रति बैठकी (वढीमा ५० वर्ग फिट) प्रति दिन | ७५।- | ८०।- |
| ०९ | भोर्लाको पात ठेलावाट किन्ने व्यापारी सँग लिने प्रति भारी | ५।- | १०।- |
| १० | फुटपाथमा चुडा तथा लहठी पसल गर्ने सँग लिने पसल एकको | १५।- | ३०।- |
| ११ | फुटपाथमा चामल, च्युरा वेच्ने वाट लिने प्रति ढक्की | ५।- | |
| १२ | घानको ढुटो (भुषा गुन्डा) मन एकको वेच्नेवाट | १०।- | १५।- |
| १३ | फुटपाथमा वसी टर्च, लाइट र स्टोव, जुता, छाता मरम्मत तथा चुरा, (चुडी) ढक्कीमा तेल र पिना, कँकट, ामाखु, वाँसको ढक्की, समेत वेच्ने वाट लिने प्रति दिन | २०।- | ३०।- |
| १४ | सुर्ति राम्रो, सुकेको खुर्सानी, सुकेको हर्दि (वेसार) पसल थापी वेच्ने वाट लिने प्रति मन | १५।- | २०।- |
| १५ | फुटपाथमा सुर्ति डांट,काँचो हर्दि अथवा शखरखण्ड, पसल थापी वेच्ने | १०।- | २०।- |

| | | | |
|---|---|---|---|
| | वाट लिने प्रति मन | | |
| १६ | विभिन्न साग सव्जी, कटहर,कँाक्रा,तरबुजा, खरबुजा आदी साईकलमा ल्याई वेच्नेवाट लिने | १०।- | १५।- |
| १७ | विभिन्न साग सव्जी,कटहर,कँाक्रा,तरबुजा,खरबुजा आदि मोटर साईकलमा ल्याई वेच्नेवाट लिने | १५।- | २०।- |
| १८ | विभिन्न साग सव्जी, कटहर, कँाक्रा, तरबुजा, खरबुजा आदि रिक्सा टेलामा ल्याई वेच्नेवाट लने | २५।- | ३५।- |
| १९ | विभिन्न साग सव्जी,कटहर,कँाक्रा,तरबुजा, खरबुजा आदि गोरु गाडामा ल्याई वेच्नेवाट लिने | ५०।- | १००।- |
| २० | विभिन्न साग सव्जी,कटहर,कँाक्रा,तरबुजा,खरबुजा आदि टायर गाडामा ल्याई वेच्नेवाट लिने | ७५।- | १०।- |
| २१ | विभिन्न साग सव्जी, कटहर, कँाक्रा,तरबुजा, खरबुजा आदि ट्रयाक्टरमा ल्याई वेच्नेवाट लिने | १५०।- | २००।- |
| २२ | विभिन्न साग सव्जी, कटहर, कँाक्रा, तरवुजा, खरबुजा आदि ट्रकमा ल्याई वेच्नेवाट लिने | २५०।- | ३००।- |
| २३ | विभिन्न साग सव्जी, कटहर, कँाक्रा,तरबुजा,खरबुजा आदि प्रति भंङ्गामा ल्याई वेच्नेवाट लिने | १५।- | २०।- |
| २४ | विभिन्न साग सव्जी,कटहर,कँाक्रा,तरबुजा,खरबुजा आदि प्रति वोरामा ल्याई वेच्नेवाट लिने | १०।- | १५।- |
| २५ | विभिन्न साग सव्जी,कटहर,कँाक्रा,तरबुजा,खरबुजा आदि प्रति ढक्कीमा ल्याई वेच्नेवाट लिने | ५।- | १०।- |
| २६ | दर्ता भएको ठेलामा फलफुल, तरकारी, चिया, नास्ता,भुजा,अण्डा विक्री गर्ने सँग लिने प्रति दिन | २५।- | ३०।- |
| २७ | दर्ता नभएको ठेलामा फलफुल,तरकारी,चिया,नास्ता,भुजा,अण्डा विक्री गर्ने सँग लिने प्रति दिन | ५०।- | ६०।- |
| २८ | जुता चप्पल बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति | २५।- | ४०।- |

| | | | |
|---|---|---|---|
| | दिन लिने | | |
| २९ | गुंड, (शखर) अथवा कंकट तमाखु वेच्नेवाट लिने प्रति मन | २०।- | ४०।- |
| ३० | फुटपाथमा रहने हलुवाई, चक्कु, हँसीया,खुर्पि,खुम्चा,जाँतो सिलौटो पसल एकको प्रति दिन लिने | १५।- | २०।- |
| ३१ | न.पा.मातहतको टहरो न.पा.ले वहालमा नदिई उपलव्ध गराएको सार्वजनिक स्थानमा गन्जी, गम्छा, तथा तयारी लुगा वेच्ने पसल एकको लिने प्रति दिन | ५०।- | ६०।- |
| ३२ | हटिया र फुटपाथमा विक्री हुने नाग्लो थान-१ | ५।- | ५।- |
| ३३ | फुटपाथमा माटोको भाँडा राखि वेच्ने पसल (बढीमा ५० बर्ग फिट) को लिने प्रति दिन | २५।- | ३०।- |
| ३४ | फुटपाथमा रहेको टहरो सानो पसल,कपाल,दाह्री, काटने पसल एकको लिने प्रति दिन. | १०।- | २०।- |
| ३५ | खेल चटक, तमासा इत्यादी गर्ने जडीवुटि तथा सो सरहको सामान ( माइक नराखी) वेच्ने वाट लिने प्रति दिन | १०।- | २०।- |
| ३६ | सार्वजनिक जग्गामा कांटा राखी गल्ला खरीद विक्रि गर्ने सँग लिने प्रति दिन | ५०।- | ६०।- |
| ३७ | न.पा.क्षेत्रमा माइक राखि प्रचार प्रसार गर्ने जडीवुटी वेच्ने पसल सँग लिने प्रति दिन | ५०।- | ६०।- |
| ३८ | पाटको डोरी सिक अथवा सावेको डोरी वेच्ने पसल एकको प्रति | ५।- | १०।- |
| ३९ | ठूलो माछा ठूलो पसल एकको प्रति दिन | १००।- | १५०।- |
| ४० | ठूलो माछा सानो पसल एकको प्रति दिन | ५०।- | १००।- |
| ४१ | अन्य जंगली माछा घुगी, सितुवा पसल एकको (पसल हेरी) बढीमा प्रति दिन | २५।- | ५०।- |
| ४२ | ठूलो माछा विक्री गर्ने व्यापारी संग लिने प्रति मन | २००।- | ३००।- |

| | | | |
|---|---|---|---|
| ४३ | सिधा माछा थोक विक्री गर्नेवाट लिने प्रति मन | ३००।- | ३००।- |
| ४४ | सिधा माछा ठूलो विक्री गर्नेवाट लिने प्रति दिन | ३०।- | ४०।- |
| ४५ | सिधा माछा सानो खाले विक्रि गर्नेवाट लिने प्रति दिन | २०।- | ३०।- |
| ४६ | रांगा काटि मासु वेच्नेवाट लिने प्रति गोटा | २००।- | ३००।- |
| ४७ | खसी काटी वा वाहिरवाट काटी ल्याई विक्री गर्नेवाट लिने प्रति गोटा | २५।- | ५०।- |
| ४८ | सुँगुर जिवित वा काटेर अथवा घरैवाट काटेर ल्याई मासु वेच्नेवाट लिने प्रति गोटा | ५०।- | १००।- |
| ४९ | वाँस वति प्रति गाडा वेच्नेवाट लिने | २५।- | ३०।- |
| ५० | जंगली वाँस ( कोरो) टाउंकोमा बोकी ल्याई विक्री गर्नेसंग लिने | १०।- | २०।- |
| ५१ | जंगली वति टाउंकोमा बोकी ल्याई विक्री गर्ने संग लिने | ५।- | १०।- |
| ५२ | दाउरा साईकलमा वोकी ल्याउने सँग लिने प्रति साईकल | ७।- | १५।- |
| ५३ | दाउरा टाउकोमा वोकी ल्याउने सँग लिने प्रति वोझा | ५।- | १०।- |
| ५४ | प्याजको विउ प्रति ढकी विक्री गर्ने सँग लिने | ५।- | १०।- |
| ५५ | प्याजको विउ प्रति वोरा विक्री गर्ने सँग लिने | १०।- | १५।- |
| ५६ | केरा घरी-१ को | १०।- | १५।- |
| ५७ | मसाला सामान बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | ५०।- | ६०।- |
| ५८ | बिभिन्न तरकारी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | ३०।- | ४०।- |
| ५९ | चामल,च्युरा,पिठो आदी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० बर्ग फिट) प्रति दिन लिने | ३०।- | ४०।- |
| ६० | गुन्दरी,पटीया आदी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ५० बर्ग फिट) प्रति दिन लिने | १००।- | १५०।- |

| | | | |
|---|---|---|---|
| ६१ | फलफुल बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ३० वर्ग फिट) प्रति दिन लिने | ४०।- | ५०।- |
| ६२ | चौकीमा राखि नाक, कान आदी सामान बिक्रि गर्ने तथा नाक कान छिर्ने संग लिने | ५०।- | ५०।- |
| ६३ | चौकीमा राखि दालमुट, भुजिया आदी बिक्री गर्ने संग लिने | ५०।- | ५०।- |
| ६४ | अदुवा बिक्री गर्ने संग लिने प्रति मन | २०।- | ३०।- |
| ६५ | साडी बिक्री गर्ने संग प्रति बैठकी (बढीमा ४० बर्ग फिट) प्रति दिन लिने | ५०।- | १००।- |

द्रष्टव्य :-

(क) गुदरी हाट सेवा शुल्क दस्तुरमा न.पा.को मातहतमा रहेको नम्वरी वा सार्वजनिक जग्गामा किनवेच गर्नेमा मात्र उक्त सेवा शुल्क असुल गर्न पाइने छ।

(ख) उपरोक्त दररेटमा लेख्न छुट भएको बस्तुमा आपसी सहमतिमा मात्र शुल्क लिईने छ। सहमति नभए न.पा.बाट निर्धारण गर्नेछ र सोही अनुसार ठेकेदारले शुल्क लिनु पर्नेछ।

(ग) नगरपालिकाले तोकिदिएको ऐलानी जग्गामा न.पा.को स्वीकृती लिई राखेको पसलमा दैनिक शुल्क असुल गर्न पाइने छैन।

अनुसूची -३ वैलहाट (पशु वजार) सेवा शुल्क

| सि.नं. | विवरण | शुल्क रकम रु. | आ.व.०७६/०७७ का लागि |
|---|---|---|---|
| १ | गाई, गोरु, भैंसी, घोडा, बाछी, पाडा, पाडी बेच्नेबाट लिने प्रति थान | १००।- | २००।- |
| | गाई, गोरु, भैंसी, घोडा, बाछी, पाडा, पाडी किन्नेबाट लिने प्रति थान | १००।- | २००।- |
| २ | बीउ पाडा (राँगा) बेच्नेबाट लिने प्रति थान | २००।- | ४००।- |
| | बीउ पाडा (राँगा) किन्नेबाट लिने | २००।- | ४००।- |
| ३ | हलो जोताई वापत प्रति जोडा बेच्नेबाट | २५।- | ५०।- |
| | हलो जोताई वापत प्रति जोडा किन्नेबाट | २५।- | ५०।- |
| ४ | वाखा, खसी, पाठा पाठी खरीद प्रति थान | ७५।- | १५०।- |
| | वाखा, खसी, पाठा पाठी विक्री प्रति थान | ७५।- | १५०।- |

अनुसूची -४ निवेदन, सिफारिस, नक्कल तथा वोलपत्र फाराम विक्रीमा लाग्ने शुल्क

| सि.नं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| ०१ | निवेदनमा टिकट वापत प्रति निवेदन | १०।- | |
| ०२ | नक्कल दस्तुर प्रति पाना | ५।- | |
| ०३ | मूल्यांकन दस्तुर ( अचल सम्पत्ति ) प्रति हजारमा | १।५० | |
| ०४ | वोलपत्र, दस्तूर | | |
| | रु. २० लाखसम्मको ठेक्कामा | १००० ।- | |

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
२ नं. प्रदेश नेपाल

| | | | |
|---|---|---|---|
| | रु. २० लाख देखि रु.५० लाखसम्मको ठेक्कामा | २०००।- | |
| | रु.५० लाखभन्दा माथिको ठेक्कामा | ३०००।- | |
| ०५ | गैरसरकारी संस्था नवीकरण सिफारिसमा | १०००।- | |
| ०६ | जग्गाको मुल्याङ्कन सिफारिसमा रु. ५लाख सम्मको जग्गामा | १५०।- | रु. पाँच लाख भन्दा बढी प्रति लाख रु. ४०।- थप गरी लिने |
| ०७ | नगरपालिका क्षेत्र भित्रको जग्गाको घर बाटो प्रमाणित सिफारिसमा | २००।- | |
| ०८ | बकसपत्र पारितका लागि सिफारिस गर्दा (बहाल बिटौरीको जग्गा समेत) | १५०।- | |
| ०९ | गांउब्लक जग्गाको लगत कायमको सिफारिस गर्दा | ५००।- | |
| १० | जग्गा नामसारी, अंशवण्डाको सिफारिसमा (गांउब्लक सहित | ५००।- | |
| | | राजीनामा | दृष्टिबन्धक |
| ११ | जग्गाको चारकिल्ला, टेलिफोन, खानेपानी, विद्युत,कृषि सिंचाई सिफारिसमा | २००।- | १५० |
| १२ | गैरसरकारी संस्था दर्ता सिफारिसमा | १०००।- | |
| १३ | नगर क्षेत्रका लागि चारित्रिक प्रमाण-पत्रको सिफारिसमा | १५०।- | |
| १४ | नगरक्षेत्र बाहिरका लागि चारित्रिक प्रमाण-पत्रको सिफारिसमा | २५०।- | |
| १५ | थ्रि फेज लाईनको सिफारिसमा ( सुकुम्वासीलाई नि:शुल्क) | १०००।- | |
| १६ | **शिक्षण संस्थामा स्वीकृति तथा सिफारिसमा देहाय बमोजिम दस्तुर लाग्ने :-** | | |
| | (क) पुर्व प्रा.वि. स्वीकृतिमा | ३,०००।- | |
| | (ख) सामुदायिक अध्ययन केन्द्रको सिफारिसमा | ३,०००।- | |

| | | | |
|---|---|---|---|
| | (ग) प्रा.वि.स्तर सम्मकोमा | ३,०००।- | |
| | (घ ) मा.वि.स्तर सम्मकोमा | ५०००।- | |
| १७ | सहुलियत दरमा सम्वन्धित निकायमा काठ उपलव्ध गराउनका लागि प्रति क्युविक.फिट रु. १०।- का दरले सिफारिस दस्तुर | १०।- | |
| १८ | (क) ना[illegible] प्रमाणित | ३००। | |
| | (ख) अन्य प्रमाणित | १००।- | |
| १९ | शहरी क्षेत्र भित्रको घडेरी जग्गामा मोही निष्कासन गर्दा प्रति कठ्ठा सिफारिस | ३००।- | |
| २० | खेतीयोग्य जग्गामा मोही निष्कासन सम्वन्धी सिफारिस | २००।- | |
| २१ | नागरिकता प्राप्ति तथा सो को प्रतिलिपि सिफारिसमा | ५०।- | |
| २२ | अन्य सिफारिस गर्दा (मूल्य नखुलेको भएमा) | १५०।- | |
| २३ | जग्गाधनी प्र.पुर्जामा फोटो टाँसी तीनपुस्ते कायम सिफारिस | १५०।- | |
| २४ | नाम संसोधन सिफारिस | १५०।- | |
| २५ | जग्गाको भोग चलन सिफारिस | १०००।- | |
| २६ | जन्म तथा वसोवास प्रमाणीत | १००।- | |
| २७ | सर्जमिन मुचुल्का सहितको कुनै पनि सिफारिसमा | १,०००।- | |
| २८. | जग्गा नामसारी सिफारिस | ३००।- | |
| २९. | अन्य नामसारी सिफारिस | २०० | |
| ३०. | व्यक्तिगत घटना दर्ता ( दण्ड जरिवाना २५) | ५०।- | |
| ३१. | घ वर्गका ठेकेदार इजाजतपत्र जारी | १००००।- | |
| ३२. | घ वर्गका ठेकेदार इजाजतपत्र नवीकरण | १००। | |
| ३३. | घ वर्गका ठेकेदार इजाजतपत्र नवीकरण म्याद नाघेकोमा | २००। | |

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
२ नं. प्रदेश नेपाल

| | | | |
|---|---|---|---|
| ३४. | व्यवसाय दर्ता प्रमाण पत्र जारी गर्दा | १०००।- | |
| ३५. | व्यवसाय दर्ता प्रमाण पत्र नवीकरण गर्दा | १००।- | |

**अनुसूची -५ नक्सा पास /नक्सा प्रमाणित दस्तुर तथा फाराम शुल्कको दररेट**

| सि.नं. | विवरण | दररेट | |
|---|---|---|---|
| ०१ | R C C भूंइ तल्ला निर्माण गर्दा प्रति वर्ग फुट | ३।- | |
| | R C C प्रथम तल्ला निर्माण गर्दा प्रति वर्ग फुट | ४।- | |
| | R C C दोस्रो तल्ला निर्माण गर्दा प्रति वर्ग फुट | ५।- | |
| | R C C तेस्रो तल्ला सम्म प्रति वर्ग फुट | ६।- | |
| ०२ | पक्की इटा, ढुंङ्गा, माटो, वाँस, टायल, टिन, खपडा, एसवेस्टस प्रयोग गरी वनाएको घरमा प्रति वर्ग फिट | २।- | |
| ०३ | कम्पाउण्डवाल प्रति रनिङ्ग फिट | ३।- | |
| ०४ | घर निर्माण सम्पन्न प्रमाण पत्रमा | ५००।- | |
| ०५ | घर नक्सा नामसारी दस्तुर | ५००।- | |
| ०६ | घर नक्सा निवेदन दस्तुर | १००।- | |
| ०७ | घर नक्साको प्रतिलिपिमा | ५००।- | |
| ०८ | घर कायम सिफारिस (जग्गाधनी प्रमाण पुर्जा श्रेस्तामा) | ५००।- | |
| ०९. | पुरानो घरको अभिलेखीकरणको प्रमाण -पत्र | ५००।- | |

<u>द्रष्टव्य</u> :- १. यस कार्यालयमा दर्ता नभएका व्यक्ति वा फर्मवाट तयार पारिएका नक्सा पेश भएमा रु. ०.५० पैसा प्रति वर्ग फिट थप दस्तुर लाग्ने ।

२. सि.नं.१,२ र ३ को हकमा कसैले न.पा.बाट अनुमति नलिई निर्माण कार्य गरेको अवस्थामा नक्सा पास गर्न मनासिव देखिए निम्न बमोजिमको थप दस्तुर लिई नक्सा पास गरिने ।

(क) प्लीन्थ लेभेल सम्म निर्माण कार्य गरेको भए दस्तुरको १० प्रतिशत थप दस्तुर लाग्ने ।

(ख) छत ढलान गरेको भए २५ प्रतिशत थप दस्तुर लगाईने ।

(ग) निर्माण सम्पन्न गरि बसोबास गरिरहेको भए ५० प्रतिशत थप दस्तुर लाग्ने ।

३. सि.नं.४ बमोजिम निर्माण सम्पन्न गर्नु पर्ने अवधि भित्र निर्माण कार्य सम्पन्न गरेको तर सम्पन्न प्रमाण-पत्र नलगेको हकमा म्याद समाप्त भएको मितिले एक बर्ष भित्र निर्माण सम्पन्न प्रमाण-पत्र नलगेमा दोब्बर दस्तुर लाग्ने ।

४. नक्सा पासका लागि न.पा. मा पेश गर्दा लाग्ने दस्तुरको ५० प्रतिशत थप धरौटी लाग्ने र सो धरौटी निर्माण सम्पन्न प्रमाण पत्र लिइ सके पछि निर्माण सामग्री हटाई सफा गरी सके पछि न.पा.को निरीक्षण पश्चात् पूर्णरुपमा सरसफाई गरेको भए धरौटी रकममा १० प्रतिशत रकम कट्टा गरी बाँकी रकम फिर्ता गरिने । अन्यथा सम्बन्धित पक्षले समयमा पूर्णरुपमा सरसफाई गरी धरौटी फिर्ता नलगेको खण्डमा न.पा.बाट जुन सुकै बखत पनि धरौटी रकमबाट कट्टा हुने गरी सरसफाई गर्न सक्ने ।

५. नेपाल सरकारको मिति २०७१/८/१६ को निर्णयानुसार गोलबजार नगरपालिका गठन भएको र सो गठन हुँदा नगरपालिका क्षेत्रमा समाहित हुनु भन्दा अगावै निर्माण भएका पक्की घरहरुलाई मिति २०७४ फाल्गुण मसान्त सम्मको समय दिई घर नक्सा अभिलेखाङ्कन गरि सक्न सुचना जारी गरिसकिएकोमा अब आइन्दा नक्सा पास नगरी नगरपालिकाभित्र नयाँ घर निर्माण नगर्ने नगराउने । घर नक्सा अभिलेखाङ्कनलाई जारी राख्ने व्यवस्थाका लागि सम्बन्धित निकायमा पत्राचार गर अभिलेखाङ्कनलाई सहजीकरण गर्ने ।

६. नगरपालिकाको नीति तथा कार्यक्रममा उल्लेख भए बमोजिम अपाङ्गता भएका नागरिकलाई नगरपालिकाबाट दिइने सिफारिसमा ५०% छुट दिइनेछ । साथै अति गरिब नागरिक र लाई मुसहर, डोम लाई नगरपालिकाबाट दिइने सिफारिसमा पूर्ण छुट दिइनेछ ।

## अनुसूची-६

**व्यवसाय करको दररेट देहाय बमोजिम हुनेछ ।**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम नगरपालिका क्षेत्र भित्र व्यापार व्यवसाय वा पेशा गर्दा व्यापार व्यवसाय वा पेशामा पुंजीगत लगानी र आर्थिक कारोवारको आधारमा बार्षिक रुपमा देहाय बमोजिम व्यवसाय कर असुल गरिनेछ ।

| सि.नं. | व्यवसायको किसिम | "क" श्रेणी | "ख" श्रेणी | "ग" श्रेणी |
|---|---|---|---|---|
| ०१. | **व्यापारिक वस्तुहरु :-** | | | |
| १.१ | सुर्य टोवाको चुरोटको थोक विक्रेता | | | ७,०००।- |
| १.२ | विडी वा सुर्तिको थोक विक्रेता | | | ५,०००।- |
| १.३ | सुर्ति प्याकिङ्ग गर्ने उद्योग | | | २,०००।- |
| १.४ | पान मसाला तथा गुटखा उद्योग | | | ३,०००।- |
| १.५ | पान मसाला,गुटखा,पान पराग तथा सुर्तिजन्य पदार्थ बिक्रेता | १,५००।- | १,०००।- | ७००।- |
| १.६ | मदिरा, वियर, कोल्ड ड्रिक्स थोक विक्रेता | | | ७,०००।- |
| १.७ | मदिरा, वियर, कोल्ड ड्रिक्स खुद्रा विक्रेता | २,०००।- | १,५००।- | १,०००।- |
| १.८ | सुन, चाँदीको गहना बनाई विक्री तथा वन्धकी राख्ने पसलहरुमा | ६,०००।- | ५,०००।- | ४,०००।- |
| १.९ | सुन, चाँदी प्रसोधन गर्ने पसलहरुमा | | २,५००।- | १,५००।- |
| ०१.२. | **निर्माण सामाग्रीहरु :-** | | | |
| १.२.१ | हार्डवेयर पसल (निर्माण सामग्री समेत) | ५,०००।- | ३,०००।- | २,०००।- |
| १.२.२ | सिमेन्ट र फलामे डण्डी मात्र अलग-अलग वेच्ने पसल | | | १,०००।- |
| १.२.३ | ढक तराजु मात्र वेच्ने पसल | | | १,०००।- |
| १.२.४ | शिशा, प्लाईउड, सनमाईका, रंगरोगन तथा स्यानेटेरीका सामानहरु वेच्ने पसल | २,०००।- | १,५००।- | १,०००।- |
| १.२.५ | कम्प्यूटर, प्रिन्टर, फोटोकपी तथा सो सम्वन्धी सामान विक्री एवं मरम्मत गर्ने पसल | | २,५००।- | २,०००।- |
| १.२.६ | टेलिभिजन, मोवाइल, फ्रिज, टेलिफोन, पंखा, आईरन, घडी, | | | |

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार,सिरहा
२ नं. प्रदेश नेपाल

| | | | | |
|---|---|---|---|---|
| | क्यामरा तथा इलेक्ट्रोनिक सामानहरु खुदरा विक्रेता पसलहरु | ३,०००।- | २,०००।- | १,०००।- |
| १.२.७ | विजुलीका सामानहरु मात्र बिक्री गर्ने पसल | | १,५००।- | १,०००।- |
| १.२.८ | रेडियो, घडी, टेप रेकर्डर मर्मत गर्ने पसल | १,२००।- | १,०००।- | ७५०।- |
| १.२.९ | सिर्ई चक्का डविङ्ग गरी भाडामा लगाउने र वेच्ने पसल | | १,०००।- | ७५०।- |
| १.२.१० | पेट्रोलियम पदार्थ विक्रेता | १०,०००। | ७०००। | ५,०००।- |
| १.२.११ | एक पम्प भएकालाई | | | २,०००।- |
| १.२.१२ | ड्रमवाट तेल वेच्नेहरु | | | १,०००।- |
| ०१.३ | **दैनिक उपभोग पदार्थ** | | | |
| १.३.१ | किराना सामान लगायत अन्य खुद्रा सामान बिक्री गर्ने | | | १,५००।- |
| १.३.२ | किराना पसल | | | १,०००।- |
| १.३.३ | किराना पसल साधारण ( गुम्ती कठघारा समेत) | | | ५००।- |
| १.३.४ | गल्ला खरिद बिक्री | २,०००।- | १५००।- | १०००।- |
| १.३.५ | सखर खरिद बिक्री | २,०००।- | १५००।- | ५००।- |
| १.३.६ | कपडा पसल ठूलो (सुर्टिङ्ग सटिङ्ग समेत) | ७०००। | ५,०००।- | ४,०००।- |
| १.३.७ | कपडा साधारण पसल | | २,०००।- | १,०००।- |
| १.३.८ | रेडिमेट कपडा पसल स्तरीय | | ५,०००।- | ३,०००।- |
| १.३.९ | रेडिमेट कपडा पसल साधारण | | २,०००।- | १,०००।- |
| ०१.४ | **सवारी साधन विक्रेता** | | | |
| १.४.१ | जिप,कार लगायत अन्य सवारी साधन विक्रेता | २०,०००। | १५,०००।- | १०,०००।- |
| १.४.२ | ट्रयाक्टर विक्रेता | १५,०००।- | १२,०००।- | १०,०००।- |
| १.४.३ | मोटर साइकल,स्कुटर डिलर | | | १०,०००।- |
| १.४.४ | मोटर साइकल,स्कुटर सम्वन्धी पार्टहरु बिक्री गर्ने पसल | १०,०००।- | ७,०००।- | २,०००।- |
| १.४.५ | वैट्रीवाट चल्ने रिक्सा तथा सो सम्वन्धी पार्टस वेच्ने पसल | | | २,०००।- |
| १.४.६ | रिक्सा, साइकल तथा सो सम्वन्धी पार्टस् वेच्ने पसल | | | १,०००।- |

| | | | | |
|---|---|---|---|---|
| ०२.१ | **विशेषज्ञ परामर्श तथा अन्य व्यावसायिक सेवा** | | | |
| २.१.१ | चिकित्सक | ३,०००।- | २,०००।- | १,०००।- |
| २.१.२ | कविराज | ३,०००।- | २,०००।- | १,०००।- |
| २.१.३ | इन्जीनियर | ३,०००।- | २,०००।- | १,०००।- |
| २.१.४ | कानूनी व्यवसाय | ३,०००।- | २,०००।- | १,०००।- |
| २.१.५ | लेखापरिक्षक | ३,०००।- | २,०००।- | १,०००।- |
| २.१.६ | दन्त चिकित्सक | २,०००।- | १,५००।- | १,०००।- |
| २.१.७ | अनुसन्धानकर्ता तथा परामर्शदाता (प्राविधिक कन्सलट्यान्ट समेत) | ५,०००।- | ४,०००।- | ३,०००।- |
| २.१.८ | कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर | | १,५००।- | १,०००।- |
| २.१.९ | विमा ऐजेन्ट | | १,५००।- | १,०००।- |
| २.१.१० | सर्भेयर | | १,५००।- | १,०००।- |
| २.१.११ | अनुवादक | | १,५००।- | १,०००।- |
| २.१.१२ | पशु चिकित्सक | ३,०००।- | २,०००।- | १,०००।- |
| २.१.१३ | शेयर दलाल | ३,०००।- | २,०००।- | १,०००।- |
| २.१.१४ | सामान ढुवानीकर्ता तथा कम्पनी | | | २,०००।- |
| २.१.१५ | संस्थागत पेन्टर | | ५,०००।- | ३,०००।- |
| ०३.१ | **निर्माण व्यवसाय** | | | |
| ३.१.१ | "घ" श्रेणीका निर्माण व्यवसायलाई | | | २,०००।- |
| नोट :- निर्माण व्यबसायीलाई निर्माण लगायत अन्य फर्म भए छुट्टाछुट्टै व्यवसाय कर लाग्ने । | | | | |
| ०४.१ | **उत्पादन मूलक उद्योग** | | | |
| ०५.१ | **उर्जामूलक उद्योग** | | | |
| ५.१.१ | जलश्रोत, वायु, सैर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, वायु ग्यास तथा अन्य श्रोतहरुवाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | | | ३,०००।- |
| ०६.१ | **कृषि तथा वन्यजन्य उद्योग** | | | |

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
२ नं. प्रदेश नेपाल

| | | | | |
|---|---|---|---|---|
| ६.१.१ | चामल तथा तेल उत्पादन गर्ने ठूलो उद्योगमा | ५१,०००।- | २१,०००।- | ५,१००।- |
| ६.१.२ | ज्यालादारी मिल ( कुटानी पिसानी) | | २,०००।- | ५००।- |
| ६.१.३ | ज्यालादारी मिल ( स्पेलर समेत भएको) | | | १,०००।- |
| ६.१.४ | प्लाइउड उद्योग | | | १०,०००।- |
| ६.१.५ | स-मिल काष्ठ उद्योग | | ४,५००।- | ३,५००।- |
| ६.१.६ | भेनियर | | | ३,५००।- |
| ६.१.७ | च्यूरा मूढी उद्योग | | | २,५००।- |
| ६.१.८ | च्यूरा उद्योग | | | १,०००।- |
| ६.१.९ | मूढी उद्योग | | | १,०००।- |
| ६.१.१० | मसला, दाल घरेलु तथा साना उद्योग | ३,०००। | २,०००। | १,०००।- |
| ६.१.११ | चिजवल तथा स्न्याक्स उत्पादन गर्ने घरेलु तथा साना उद्योग | | | १,०००।- |
| ६.१.१२ | जुस उत्पादन घरेलु तथा साना उद्योग | | २,०००। | १,०००।- |
| ६.१.१३ | काँपी घरेलु तथा साना उद्योग | | २,०००। | १,०००।- |
| ६.१.१४ | डेरी घरेलु तथा साना उद्योग | | | १,०००।- |
| ६.१.१५ | पशुपालन उद्योग | | | १,०००।- |
| ६.१.१६ | कुखरापालन (पोल्ट्री फर्म) उद्योग | | | १,०००।- |
| ०७.१ | **खनिज उद्योग** | | | |
| ७.१.१ | खनिज उत्खनन वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | | | ५,०००।- |
| ०८.१ | **पर्यटन उद्योग** | | | |
| ८.१.१ | अतिथी सदन, सेवा सदन (आवाश,बिबाह कार्यक्रम गर्ने व्यवस्था भएका) व्यवसायीक निजी धर्मशाला समेत | | २,०००।- | १,०००।- |
| ८.१.२ | मदिरा, वियर, कोल्ड ड्रिक्सको व्यवस्थाका साथै खाना सहित भएका उच्च स्तरीय होटल लजहरुमा | | | ४,०००।- |
| ८.१.३ | मदिरा, वियर, कोल्ड ड्रिक्सको व्यवस्थाका साथै खाना सहित | | | |

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
२ नं. प्रदेश नेपाल

| | | | | |
|---|---|---|---|---|
| | भएका मध्यम स्तरीय होटल लजहरुमा | | | ३,०००।- |
| ८.१.४ | मदिरा, वियर, कोल्ड ड्रिक्सको व्यवस्थाका साथै खाना सहित भएका निम्न स्तरीय होटल लजहरुमा | | | २,०००।- |
| ८.१.५ | मदिरा, वियर, कोल्ड ड्रिक्सको साथै माछा मासु सहितको नास्ता व्यवस्था भएको पसलमा | | | २,०००।- |
| ८.१.६ | साधारण हाटेल (चिया,नास्ता तथा नास्ता समेत) | १,५००।- | १,०००।- | ५००।- |
| ८.१.७ | लज | | १,५००।- | १,०००।- |
| **०९.१** | **सेवा उद्योग** | | | |
| ९.१.१ | अपसेट प्रेस फल्याक्स प्रिन्ट गर्ने समेत भएकालाई | | | ५,०००।- |
| ९.१.१ | अपसेट प्रेस भएकालाई | | | ४,०००।- |
| ९.१.२ | फल्याक्स प्रिन्ट गर्ने भएकालाई | | | २,०००।- |
| ९.१.३ | ट्रेडल मेसिन भएकालाई | | | १,०००।- |
| ९.१.४ | स्क्रीन प्रिन्ट तथा स्टयाम्प वनाउने लाई | | | १,०००।- |
| ९.१.५ | डिजीटल फोटो कलर ल्याव | ५,०००।- | ४,०००।- | ३,०००।- |
| ९.१.६ | फोटो स्टुडियो,भिडियो ग्राफि,मिक्सीङ्ग ल्याव समेत | ३,०००।- | २,५००।- | २,०००।- |
| ९.१.७ | चलचित्र घरमा | ५,०००।- | ४,०००।- | ३,०००।- |
| ९.१.८ | जादु, सर्कस, थिएटर, संगित तथा मनोरंजनहल | | | ५००।- |
| ९.१.९ | वैण्डवाजा | | १,५००।- | १,०००।- |
| ९.१.१० | टेन्ट हाउस र विजुली डेकोरेशन | ४,०००।- | ३,०००।- | २,०००।- |
| ९.१.११ | जिप, कार, मिनीवस, माइक्रो, टेम्पो, म्याजीक, मिनी पिकअप १ वटा सम्म राखी व्यवसाय गर्ने | | | १,०००।- |
| ९.१.१२ | ट्रक, वस, टयांकलरी, रोड रोलर, टिपर १ वटासम्म राखी व्यवसाय गर्ने | | | २,०००।- |
| **१०.१** | **निर्माण उद्योग** | | | |
| १०.१.१ | सडक, पुल, रोपवे, ट्रलीवस, टनेल, फलाईङ्ग वृज तथा | | | ३,०००।- |

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
२ नं. प्रदेश नेपाल

| | | | | |
|---|---|---|---|---|
| | औद्योगिक, व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायहरुमा | | | |
| ११.१ | **संचार सेवा :-** | | | |
| ११.१.१ | संचार कम्पनीले मोवाईल टावर राखी सेवा संचालन गर्दा प्रति टावरमा | | | ३,०००।- |
| ११.१.२ | मोवाईल कम्पनीको कार्यालयलाई | | | ३,०००।- |
| ११.१.३ | स्थानीय एफ.एम. रेडियो संचालनमा | | | १,५००।- |
| ११.१.४ | टेलिफोन, फयाक्स, फोटोकपी, लेमिनेशन, स्पाइरल वाइण्डीङ्ग | | | १,०००।- |
| ११.१.५ | इन्टरनेट, इमेल समेत भएका (साइवर क्याफे) | | | १,०००।- |
| ११.१.६ | इन्टरनेट सर्भिस प्रोभाइडरलाई | | | ३,०००।- |
| ११.१.७ | कुरियर सेवा | | | १,०००।- |
| ११.१.८ | छपाई तथा प्रकाशन (पत्र पत्रिका) | | | १,०००।- |
| ११.१.९ | मोवाईल बिक्री तथा मरम्मत गर्ने पसल | ३,०००।- | २,५००।- | २,०००।- |
| ११.१.१० | मोवाईल मरम्मत गर्ने पसल | | | १,०००।- |
| ११.१.११ | मोवाईलको सिम तथा रिचार्ज कार्ड बिक्री गर्ने पसल | | | २,०००।- |
| १२.१ | **वित्तीय सेवा :-** | | | |
| १२.१.१ | क. नेपाल सरकारको स्वामित्व नरहेका वाणिज्य बैंक | | | १५०००।- |
| | ख. नेपाल सरकारको स्वामित्व रहेका वाणिज्य बैंक | | | १००००।- |
| १२.१.२ | आर्थिक कारोवार गर्ने वित्तीय कम्पनी तथा फाइनान्समा | | | १०,०००।- |
| १२.१.३ | बीमा कम्पनीको कारोबारमा | | | ५,०००।- |
| १२.१.४ | बचत तथा ऋण सहकारी संस्थामा | | | ५,०००।- |
| १२.१.५ | कृषि सहकारीमा | | | १,०००।- |
| १२.१.६ | धितोपत्र कारोबारमा | | | १,०००।- |
| १२.१.७ | मनि ट्रान्सफर कारोबारमा | | | ३,०००।- |

| | | | | |
|---|---|---|---|---|
| १२.१.८ | विदेशी मुद्रा सटही | | | १,०००।- |
| **१३.१** | **स्वास्थ्य सेवा :-** | | | |
| १३.१.१ | नर्सिङ्ग होम तथा अस्पताल (सरकारी बाहेक) | | | १०,०००।- |
| १३.१.२ | क्लिनिक | | | १,०००।- |
| १३.१.३ | क्लिनिक तथा ल्याव (एक्सरे समेत) | | | ३,०००।- |
| १३.१.४ | दिशा, पिसाव, विर्य र रगत आदि जाँच्ने ल्यावमा | | १,५००। | १,०००।- |
| १३.१.५ | क्लिनिक (दन्त क्लिनिक समेत) | | | १,०००।- |
| १३.१.६ | अल्ट्रासाउण्ड, एक्सरे | | | १,५००।- |
| १३.१.७ | सादा एक्सरे | | | १,०००।- |
| **१४.१** | **शिक्षा सेवा :-** | | | |
| १४.१.१ | आधारभूत. स्तरका निजी विद्यालय | | | ३०००।- |
| १४.१.२ | मा.वि. स्तरका निजी विद्यालय | | | ५,०००।- |
| १४.१.३ | क्याम्पस निजी स्तरका | | | ६,०००।- |
| १४.१.४ | सिभिल इन्जिनियर, ओभरसियर निजी स्तरका | | | ४,०००।- |
| १४.१.५ | सव-ओ.सि.,अमिन,अ.न.मी., अ.हे.व. आदि निजी स्तरका | | | ४,०००।- |
| १४.१.६ | स्टाफ नर्स आदि निजी स्तरको | | | ५,०००।- |
| १४.१.७ | ड्राईभिङ्ग प्रशिक्षण केन्द्र | | | १,०००।- |
| १४.१.८ | कम्प्यूटर, भाषा प्रशिक्षण केन्द्र | | | १,०००।- |
| **१५.१** | **मर्मत संभार सेवा :-** | | | |
| १५.१.१ | हेभि इक्वीपमेन्ट बस, ट्रक, कार, ट्र्याक्टर मर्मत गर्ने | | | ३,०००।- |
| १५.१.२ | मोटरसाइकल,टेम्पो आदि मर्मत गर्ने पसललाई | | | १,५००।- |
| १५.१.३ | गाडीका पम्प मेसिन द्वारा मर्मत सर्भिसङ्ग गर्नेलाई | | | १,०००।- |
| १५.१.४ | पम्पिङ्ग सेट, मोटर, पंखा आदि मर्मत गर्ने | | | १,०००।- |
| १५.१.५ | टि.भि.,रेडियो,घडी,टेलिफोन,फ्रिज,पंखा,पानी तान्ने मोटर लगायत | | | |

| | | | | |
|---|---|---|---|---|
| | विद्युतीय सामान मर्मत तथा सो सम्बन्धी स्पेयर पार्टस बिक्री गर्ने समेत | | | २,०००।- |
| १५.१.६ | टि.भि., रेडियो, घडी, टेलिफोन, फ्रिज, पंखा, पानी तान्ने मोटर तथा विद्युतिय सामान मर्मत गर्ने | | | १,०००।- |
| **१६.१** | **अन्य सेवा :-** | | | |
| १६.१.१ | नसर्री (फलफूलका विरुवा विक्री वितरण गर्ने) | | | १,०००।- |
| १६.१.२ | व्युटी पार्लर | | | १,०००।- |
| १६.१.३ | खसी, सुगुर, वंगुर रागा काटि मासु वेच्ने पसल | | | १,०००।- |
| १६.१.४ | कुखराको मासु वेच्ने पसल | | | ७००।- |
| १६.१.५ | भाडा वर्तन पसल | | २,०००।- | १,०००।- |
| १६.१.६ | स्टील दराज (वाकस तथा ड्रम वनाउने समेत) तयार गरी विक्री वितरण गर्ने उद्योगमा | | | ३,०००।- |
| १६.१.७ | काठको फर्निचर तयार गरी विक्री वितरण गर्ने उद्योगमा | | २,५००।- | १,५००।- |
| १६.१.८ | स्टील फर्निचर (कार्पेट आदी) अन्य तिरवाट ल्याइ विक्री गर्ने | | | २,५००।- |
| १६.१.९ | स्टील फर्निचर दराज उत्पादन गर्ने उद्योगमा | | | २,५००।- |
| १६.१.१० | लुगा सिलाई सम्वन्धि सामान वेच्ने पसल | | | १,०००।- |
| १६.१.११ | गिफ्ट उपहार वेच्ने पसल | | | १,०००।- |
| १६.१.१२ | सजावट तथा अन्य सामान वेच्ने पसल | | | १,०००।- |
| १६.१.१३ | केवूल, नेटवर्किङ्ग | | | ३,०००।- |
| १६.१.१४ | माछा तथा मासु पसल | | | ५००।- |
| **१७.१** | **अन्य व्यवसाय :-** | | | |
| १७.१.१ | सिमेन्ट क्रंकिट इटा, खांमा भेन्टीलेसन टायल उद्योग | | | २,०००।- |
| १७.१.२ | क्रंकिट हयूम पाईप, तथा सिमेन्ट पोल वनाउने उद्योग | | | १०,०००।- |
| १७.१.३ | टिनको वाक्स, ड्रम, ट्रंक तथा दराज वनाउने उद्योग | | | ३,०००।- |
| १७.१.४ | इन्जीनियरीग तथा मेकानीकल वर्क संप (ट्रयाक्टरको ट्रली,थ्रेसर | | ७,०००।- | ५,०००।- |

| | | | | |
|---|---|---|---|---|
| | बनाउने कार्य समेत) | | | |
| १७.१.५ | | | | |
| १७.१.६ | अगरवती उद्योग | | | १,०००।- |
| १७.१.७ | ग्रिल, सटर बनाउने उद्योग | | | २,०००।- |
| १७.१.८ | दालमोट, भुजिया, पापड उद्योग | | | १,०००।- |
| १७.१.९ | मनिहरा,श्रृगांरका साथै अन्य जेनरल सामान विक्री गर्ने डिलर | २०,०००।- | १५,०००।- | १०,०००।- |
| १७.१.१० | मनिहरा वा श्रृगांर पसल साथै जेनेरल सामग्री विक्री गर्ने पसल | | १,५००।- | १,०००।- |
| १७.१.११ | पान पसल तथा छुट्टा पान विक्री गर्ने समेत | | १,०००।- | ५००।- |
| १७.१.१२ | जुता चप्पलको थोक विक्रेता | | | ३,०००।- |
| १७.१.१३ | जुता चप्पल वनाएर वेच्ने पसल | | | १,०००।- |
| १७.१.१४ | जुता चप्पल पसल | | २,०००।- | १,५००।- |
| १७.१.१५ | स्टेशनरी तथा पुस्तक पसल | | २,०००।- | १,५००।- |
| १७.१.१६ | चश्मा विक्री पसल | | १,०००।- | ५००।- |
| १७.१.१७ | चिया, नास्ता पसल | | १,०००।- | ५००।- |
| १७.१.१८ | होटल (खाना मात्र खुवाउने) | | | १,०००।- |
| १७.१.१९ | होटल (खाना, नास्ता खुवाउने) | | | १,०००।- |
| १७.१.२० | विभिन्न किसिमका मिठाई चाट तथा चिया नास्ता पसल | | २,५००।- | २,०००।- |
| १७.१.२१ | विभिन्न किसिमका खाजा नास्ता चिया पसल | | १,०००।- | ५००।- |
| १७.१.२२ | अण्डाको थोक विक्रेता | | | १,०००।- |
| १७.१.२३ | अण्डा वेच्ने पसल | | | ५००।- |
| १७.१.२४ | व्याग वनाएर वेच्ने पसल | | | १,०००।- |
| १७.१.२५ | सबारी साधनको वडी वनाउने | | | ७,०००।- |
| १७.१.२६ | सवारी साधनको डेन्टिङ्ग, पेन्टीङ्ग गर्ने | | | २,०००।- |
| १७.१.२७ | टायर रिसोलिङ्ग | | | १,५००।- |

| | | | | |
|---|---|---|---|---|
| १७.१.२८ | टायर, टयुव मर्मत तथा हावा भर्ने | | | ५००।- |
| १७.१.२९ | ग्यास वेल्डिङ्ग र रेडिवाटर मर्मत समेत गर्नेलाई | | | ५००।- |
| १७.१.३० | व्याट्री मर्मत तथा इलेक्ट्रीक मेसिन राखि व्याट्री चार्ज लगायत अन्य काम गर्ने | | | ५००।- |
| १७.१.३१ | रिक्सा साइकल मर्मत गर्ने पसल | | | ५००।- |
| १७.१.३२ | सिलाई मेशिन मर्मत गर्ने | | | ५००।- |
| १७.१.३३ | साईन वोर्ड पेन्ट, वालपेन्ट, होर्डिङ्ग वोर्ड, नम्वर प्लेट लेख्ने (कम्प्यूटर प्रविधिवाट स्टाम्प बनाउने समेत) | | १,५००।- | १,०००।- |
| १७.१.३४ | वरफ उद्योग (आइसक्रिम उत्पादन गर्ने समेत) | | | १,०००।- |
| १७.१.३५ | हेयर कटिङ्ग गर्ने (ठूलो) | | | १,०००।- |
| १७.१.३६ | हेयर कटिङ्ग गर्ने (सानो) | | | ७००।- |
| १७.१.३७ | पाउरोटी उद्योग | | | १,०००।- |
| १७.१.३८ | कवारी (ठूलो) | | | ३,०००।- |
| १७.१.३९ | कवारी (सानो) | | | २,०००।- |
| १७.१.४० | टेलरिङ्ग सेवा (ठूलो) | | | २,०००।- |
| १७.१.४१ | टेलरिङ्ग सेवा (सानो) | | | १,०००।- |
| १७.१.४२ | मिल मेसिनरी सामान तथा पार्ट पुर्जा (स्पेयर पार्टस) | | | २,०००।- |
| १७.१.४३ | सवारी साधानको स्पेयर पार्टस (लुब्रिकेन्ट समेत) बिक्रि गर्ने | | | ३,५००।- |
| १७.१.४४ | सवारी साधानको टायर, टयुव (लुब्रिकेन्ट समेत) बिक्रि गर्ने | | | ३,५००।- |
| १७.१.४५ | आलु, प्याजको थोक विक्रेता ( गद्दी) | | | २,५००।- |
| १७.१.४६ | खुर्सानी, लसुन हर्दि थोक विक्रेता | | | १,०००।- |
| १७.१.४७ | खुर्सानी, लसुन, हर्दि,जिरा,धनीयाँ लगायत अन्य मसाला सामानको थोक विक्रेता | | | २,५००।- |
| १७.१.४८ | औषधी पसल (थोक विक्रेता) | १०,०००।- | ८,०००।- | ५,०००।- |
| १७.१.४९ | औषधी पसल | २,०००।- | १,५००।- | १,०००।- |

| | | | | |
|---|---|---|---|---|
| १७.१.५० | पशु औषधी पसल (थोक बिक्रेता) | | २,०००।- | १,५००।- |
| १७.१.५१ | पशु औषधी पसल | | १,५००।- | १,०००।- |
| १७.१.५२ | पान पसल मनिहरा समेत | १,०००।- | ७००।- | ५००।- |
| १७.१.५३ | मल खाद, विउ विजन एवं किटनाशंक | २,०००।- | १,५००।- | १,०००।- |
| १७.१.५४ | मैनवत्ती उद्योग | | | ५००।- |
| १७.१.५५ | सर्फ उद्योग | | | २,०००।- |
| १७.१.५६ | सावुन उद्योग | | | २,०००।- |
| १७.१.५७ | पानी उद्योग | | | १,०००।- |
| १७.१.५८ | फलाम पिटी कृषि तथा घरेलु औजार तयार गरी बिक्री गर्ने पसल | | | ५००।- |
| १७.१.५९ | उद्योग तथा कम्पनीको एजेन्सी (अधिकृत बिक्रेता) कारोवार गर्ने | | ५,०००।- | ४,०००।- |
| १७.१.६० | किचेन सम्वन्धी (ग्यास बिक्री समेत) पसल | ३,०००।- | २,५००।- | २,०००।- |
| १७.१.६१ | माथिको बर्गीकरणको समावेश नभएका सेवा, पेशा तथा व्यवसायको कारोवार र स्तर हेरी वार्षिक रु. १००।- देखि ५,०००।- सम्म नगर प्रमुखको आदेशले कर लगाउने । | | | |

**द्रष्टव्य** :- श्रेणी नछुटिएका व्यवसायको हकमा ग वर्गको कर दस्तुर लाग्नेछ ।

## विविध

### क. बिटौरी जग्गाको शुल्क

नगरपालिका क्षेत्र भित्र रहेका बिटौरी जग्गाको बार्षिक प्रति धुर रु. ५०।- (पचास)

### ख. सटर भाडाको दररेट

१. लोकमार्गसँग जोडिएको नगरपालिकाको स्वाामित्वको प्रति सटर न्युनतम मासिक रु ७०००।-

२.ग्रामीण वजारमा रहेको नगरपालिकाको स्वामित्वको प्रति रुम न्युनतम मासिक रु १०००।-

ग. सवारी साधन भाडा

1. सक्सन मेशिन नगरपालिका क्षेत्रभित्र प्रयोग भए इन्धन कार्यालयले व्यहोरी प्रति ट्रिप रु १५००।- र नगरक्षेत्र वाहिर भए प्रति ट्रिप रु २०००।- र दूरीको हिसाबमा रु.२५००।- सम्म लिने र आवश्यकता अनुसार भाडामा लगाउने या विश्लेषण पश्चात् भाडा रकममा संशोधन गर्ने अधिकार नगरकार्यपालिकालाई प्रत्यायोजन गरियो।
2. व्याक हो लोडर नगरपालिकाभित्र नगरपालिकाकै आफ्नै कार्यका लागि प्रयोग भएमा इन्धन कार्यालयबाट व्यहोरी प्रति घण्टा १९००।- र नगरपालिकाको कार्य बाहेकको कार्यमा भाडामा लगेमा इन्धन र ड्राइभर भत्ता भाडामा लग्नेले व्यहोर्ने र प्रतिघण्टा भाडा रु. १५००। तोक्ने।
3. ट्रिपरको भाडा प्रतिदिन रु. ४०००। ड्राइभर भत्ता रु. ५००। र इन्धन खर्च भाडामा लग्ने व्यक्तिले व्यहोर्ने
4. ट्याक्टरको भाडा प्रतिदिन रु. १५००। ड्राइभर भत्ता रु. ५००। र इन्धन खर्च भाडामा लग्ने व्यक्तिले व्यहोर्ने

घ. यस गोलबजार नगर कार्यपालिकाको स्वामित्वमा रहेको दश टन डवल ड्रम भाइब्रेटिङ रोलरको दैनिक भाडा ड्राइभर भत्ता (रु. १०० प्रतिघण्टा) र इन्धन खर्च भाडामा लग्ने व्यक्तिबाटै व्यहोर्ने गरी नगरको कामको लागि नगरक्षेत्र भित्र रु. १०००। र नगरको काम बाहेक अन्य कामको लागि भाडामा लगेमा रु. १५००। प्रतिघण्टाको दरले तोकी भाडामा लगाउने र ढुवानी गर्ने ट्रक भाडामा लिने व्यक्ति आफैले व्यवस्था मिलाउनुपर्ने साथै नगरपालिकाका उपभोक्ता समितिले प्रयोग गरेमा शुरुमा इन्धन कार्यालयले व्यवस्था गरिदिने र उपभोक्ता समितिले भुक्तानी प्राप्त गरेपछि सो इन्धनको खर्च उपभोक्ता समितिले भुक्तानी गर्ने निर्णय गरियो।

ङ. प्रति इटाभट्टा वार्षिक रु. ३१०००।-दरले स्थानीय शुल्क लिने।

च. यस गोलबजार नगर कार्यपालिकाको स्वामित्वमा रहेको मोटर ग्रेडरको दैनिक भाडा ड्राइभर भत्ता र इन्धन खर्च भाडामा लग्ने व्यक्तिबाटै व्यहोर्ने गरी नगरका कामबाहेक अन्य कामका लागि नगरभित्र या बाहिर लगेमा प्रतिघण्टा रु. ४०००। र नगरको काम तथा योजना एवं उपभोक्ता समिति समेतलाई नगरक्षेत्र भित्र रु. ३०००। प्रतिघण्टाको दरले तोकी भाडामा लगाउने , ढुवानी गर्ने ट्रक भाडामा लिने व्यक्ति आफैले व्यवस्था मिलाउनुपर्ने र नगरपालिकाका उपभोक्ता समितिले प्रयोग गरेमा शुरुमा इन्धन कार्यालयले व्यवस्था गरिदिने र उपभोक्ता समितिले भुक्तानी प्राप्त गरेपछि सो इन्धनको खर्च उपभोक्ता समितिले भुक्तानी गर्ने निर्णय गरियो।

## अनुसूची -७

**यस वर्ष देखि गोलबजार नगरपालिकामा सम्पत्ति कर ( घर कर ) देहाय बमोजिम लगाइनेछ ।**

| सि.नं. | घरको किसिम | पहिलो तलामा लाग्ने प्रति वर्ग फिट रु. | दोश्रो तलामा लाग्ने प्रति वर्ग फिट रु. | तेश्रो तलामा लाग्ने प्रति वर्ग फिट रु. | चौथो वा सो भन्दा बढी तलामा लाग्ने प्रति वर्ग फिट रु. |
|---|---|---|---|---|---|
| १. | फुसको घर, खवडा वा टिनको छानो भएको | ।५० | १।०० | | |
| २. | इट्टाको गारो र खवडाको छानो भएको | १।०० | २।०० | ३।०० | ४।०० |
| ३. | इट्टाको गारो र टिनको छानो भएको | १।५० | २।५० | ३।५० | ४।५० |
| ४. | इट्टाको गारो र छत ढलान भएको घर | २।०० | ३।०० | ४।०० | ५।०० |

**घर वा संरचनाले चर्चेको जग्गाको हकमा .. प्रचलित मालपोत कर बमोजिम जग्गा कर लाग्नेछ ।**

**द्रष्टव्य** :- स्थानीय मूल्याङ्कन समिति गठन भई घरको मूल्यांकन नहुन्जेल सम्म व्यक्तिले आफ्नो घरको आफै स्वघोषणा गरी आ.व. २०७५/७६ का लागि कायम गरिएको मूल्यांकन अनुसार माथि उल्लेख भए वमोजिमको घर कर लिन वाधा पर्ने छैन । **सम्भव भएसम्म मालपोत कर र घरकरको विजक एउटै जारी गरिनेछ । साथै सुकुम्वासी नेपाली नागरिकहरु (जसको आफ्नो जग्गामा घर छैन) लाई सम्पत्ति कर वापत जम्मा रु. २५ मात्र तोकिएको छ ।**

**अनुसूची ८**

**पटके सवारी साधन कर**

| सि.नं. | विवरण | आ.व.२०७४।७५ | आ.व.२०७५/७६ का लागि प्रस्तावित |
|---|---|---|---|
| | पटके सवारी कर | | |
| | क) वस,ट्रक,टि्पर,रोलर,लोडर जस्ता हेभी गाडीहरु | | २५ |
| | ख) जिप,कार,मारुती,भ्यान, ट्याक्टर | | २० |
| | ग) टेम्पो, अटो रिक्सा, रिक्सा ( तीन चक्के) | | १५ |
| | घ) विदेशी नम्वर प्लेट भएका सवारी साधन | | १०० |

## अनुसूची ९

गिट्टी,वालुवा,ढुंगा र ग्राभेलको दररेट

| सि.नं. | विवरण | आ.व.२०७४।७५ | आ.व.२०७५/७६ का लागि प्रस्तावित प्रतिट्रिप रु. | |
|---|---|---|---|---|
| | क) गिट्टी | | ३०० | |
| | ख) वालुवा | | १५० | |
| | ग) ढुंगा | | ५०० | |
| | घ) ग्राभेल | | ३०० | |

## अनुसूची १०

फुटपाथमा पसल राखी व्यापार व्यवसाय गर्नेहरुका लागि देहाय बमोजिमको दर तोकिएको छ ।

| सि.नं. | विवरण | आ.व.२०७४।७५ | आ.व.२०७५/७६ का लागि प्रस्तावित | |
|---|---|---|---|---|
| १ | तरकारी बेच्नेसंग | | ५ | |
| २ | चटपटी बेच्नेसंग | | १० | |
| ३ | फलफूल बेच्नेसंग | | १० | |
| ४ | खाद्य सामग्री बेच्नेसंग | | १० | |
| ५ | कचरी पचरी बेच्नेसंग | | ५ | |

देवनारायण साह

नगर प्रमुख

प्रमाणिकरण मिति: २०७५।०३।३२